नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश,नेपाल

# नारायण नगरपालिका
# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२

कार्यपालिका बाट स्वीकृत मिति २०८२/०५/०५

संविधानत कृषि तथा पशुपालन, कृषि उत्पादनको व्यवस्थापन, कृषि सडक,साना सिचाई लगायत कृषि प्रसार व्यवस्थापन स्थानीय सरकारको एकल अधिकारको रुपमा व्यवस्था भएको र सोही आधारमा संघीय व्यवस्थापिका संसदले स्थानीय सरकार संचालन ऐन २०७४ पारित गरी स्थानीय तहको कृषि विकासको एकल अधिकारलाई थप विस्तृतीकरण गरेको छ । यसै परिपेक्षमा नगरसभा/नगर कार्यपालिकाबाट तर्जुमा भएका कृषिको ब्यवसायीकरण र कृषि उद्यमशीलताको विकास गरी स्थानीय तहमा नै रोजगारीका अवसरहरुको सृजना गर्दै कृषकहरुको आयस्तर वृद्धि गर्ने लक्ष्यका कृषि विकास कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा कृषि प्रसार सेवालाई व्यवस्थित बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (घ), (ङ)(च)को अधिकार् प्रयोग गरी तथा दफा १०२ को उपदफा (२) बमोज़िम नारायण नगरपालिका, कार्यपालिकाको मिति २०८२/.०५./.०५. को बैठकबाट यो "कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम " कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ " रहेको छ ।

ख) यो कार्यविधि नारायण नगरकार्यपालिका बाट स्वीकृत भएपछि तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "स्थानीय सरकार" भन्नाले नारायण नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ख) "शाखा" भन्नाले नारायण नगरपालिकाको कृषि विकास शाखालाई सम्झिनु पर्नेछ ।

(ग) "सेवा क्षेत्र" भन्नाले कार्यालयले प्रा स/ना प्रा स लाई पालिकाको फिल्ड हेर्ने जिम्मेवारी तोकिएको क्षेत्र लाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" नारायण नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "कार्यविधि" भन्नाले " कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि " सम्झनु पर्दछ ।

(च) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(छ) "समिति" भन्नाले नगरपालिका कृषि विकास कार्यक्रम छनौट तथा मुल्याङ्कन गर्न बनेको कृषि विकास समिति सम्झनु पर्दछ ।

(ज) "अनुदान"भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्नेछ ।

(झ) "लाभग्राही " भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि छनोट भएका कृषि फर्म/कृषि सहकारी/कृषि समुह सम्झनु पर्नेछ ।

(ञ) "लक्षित वर्ग" भन्नाले कुनै कार्यक्रम,योजना,परियोजना,सेवा वा गतिविधि कसलाई लिएर बनाईएको हो भन्ने कुरा जनाउँछ, जस अन्तर्गत विपन्न, गरिब, एकल महिला, अपांग, दलित पर्नेछन।

## परिच्छेदः २

## उद्धेश्यहरु

**३. उद्धेश्यहरुः** (१) यो कार्यविधि कार्यान्वयन गर्नुका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन।

क. नारायण नगरपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रम कार्यान्वयन प्रक्रियालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एंव गुणस्तरयुक्त बनाउन ।

ख. कृषि व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी, उत्पादनमूलक एवम् व्यवसायिक बनाउन।

ग. अनुदान वितरण प्रक्रियालाई सरल, निष्पक्ष र पारदर्शी बनाउन ।

घ. सेवा प्रवाहको प्रक्रियालाई छिटो, छरितो, सहज, सरल र निष्पक्ष बनाउन ।

ङ. लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउन ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

**४. कार्यक्रम सञ्चालन स्थलः** कृषकको आवश्यकता र माग अनुसार कार्यक्रमको प्रकृति र सम्भाव्यता अनुसार नगरपालिका सवै वडाहरूमा ।

**५.कृषक समुहः गठन/पुनर्गठन, दर्ता तथा नविकरण**

मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहाना भएका न्युनतम १५ वा सो भन्दा बढी व्यक्तीहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरू सामुहिक प्रयत्नद्धारा प्राप्त गर्न बनाईएको संगठनलाई समुह भनिन्छ ।

(१) कृषक समुह गठन/पुनर्गठन

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(क) समुदायका कृषकहरुलाई नयाँ समुहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताले लक्षित गाउँको विभिन्न ठाउँमा कृषक भेला गरी समुहको उपयोगितावारे जानकारी गराउनु पर्छ ।

(ख) नयाँ समुह गठन गर्नु पर्दा स्थानीय जनसमुदायहरुको भेला गरी समुहमा आवद्ध हुन आग्रह गर्ने र स्वस्फुर्त रुपमा गठन भई नगरपालिकामा सम्पर्क राख्न आउने समुहहरुलाई समेत समेटि प्राविधिक सहयोग पुर्याउनु पर्दछ ।

(ग)कुनै स्थान विशेषमा पहिले देखी रहिरहेका कृषक समुह हरु छन् भने तिनको पहिचान गरी पुर्नगठन गर्नु पर्दछ ।

(घ) सुरुमा प्राविधिकहरुबाट सहयोग र राय सल्लाहका साथ कृषक समुह गठन गर्दा अतिआवश्यक रजिस्टर कपि कलम फाईल,कागज जस्ता सामाग्री हरु उपलब्ध गराउनु प्रभावकारी हुन्छ ।

(ङ)प्रत्येक आ.व.मा नयाँ समुह भए गठन र पुराना भए पुनर्गठन गरेर कृषि विकास शाखाले समुह विवरण संकलन गर्नु पर्छ ।

(च) नगरपालिका, कृषि विकास शाखामा कृषक समुह दर्ता गरी तिनिहरुको अभिलेख राख्ने कार्यलाई नियमित रुप दिनु पर्दछ । यसको लागि कृषक समुहहरूलाई आ-आफ्नो समुह विवरण अनुसूची १ बमोजिम फारम सहित दर्ताको लागि आवेदन गर्न उत्प्रेरित गर्नु पर्दछ ।

(छ) स्थानीय तहकोविकास कृषि विकास शाखामा कृषक समुह दर्ता गरिने छ । यसका लागि कृषक समुहले समुह विवरण फारम सहितको निवेदन फारम (समुह विधान) सहित निवेदन कृषि विकास शाखामा पेश गर्नुपर्नेछ । यसरी दर्ता गरिएको समुहको अवधि १ वर्षको हुने छ र प्रत्येक १ वर्षमा समुह नविकरण गर्नुपर्ने छ ।

(२) कृषक समुह नविकरण

कृषक समुहले आफ्नो समुह दर्ता प्रमाणपत्रको नविकरण गर्नु पर्नेछ । यसका लागि कृषक समुहले प्राप्त गरेको प्रमाणपत्र सहितको निवेदन सम्बन्धित शाखामा अनुसूची ३ बमोजिम फारम भरि पेश गर्नु पर्ने छ र कृषि विकास विकास शाखाले समुह नविकरण गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

## परिच्छेद- ४

### कार्यक्रम सञ्चालन प्रकृया सम्बन्धी व्यवस्था

**६.सूचना प्रकाशनः** (१)अनुदान कार्यक्रममा सहभागी हुन अनुदानग्राहीलाई नगरपालिकाले कम्तीमा पन्ध्र दिनको समयसीमा दिई अनुसूची ४ बमोजिमको ढाँचामा नगरपालिका तथा वडा कार्यालयको सुचना पाटीमा सूचना टाँस तथा प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना नगरपालिकाको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कुनै पनि निवेदन प्राप्त नभएमा पहिलो पटकको सूचनाको म्याद समाप्त भएको मितिले पुनः सात दिनको समयावधी राखी दोस्रो पटक सूचना प्रकाशन गर्न सकिनेछ।

**७.निवेदन दर्ताः** सुचना प्रकाशन भएपछि अनुदानग्राहीले अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन, प्रतिवद्धता पत्र, नेपाली नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपिका कागजात सहित कृषि विकास शाखामा निवेदन दर्ता गर्नु पर्नेछ। तर दर्ता प्रमाण पत्रवाला नभएका आर्थिक रुपमा विपन्न एकल महिला दलित वा व्यवसायीक कृषक, अगुवा कृषक, किसानको हकमा नागरिकता प्रमाण प्रतिलिपि जग्गाधनी प्रमाणपूर्जा र निवेदन पेश गरेका आधारमा पनि निवेदन स्वीकृत गरिनेछ ।

**८.लाभग्राहीको छनौटः** (१) दफा ७ बमोजिम प्राप्त निवेदनलाई नगरपालिका कृषि विकास शाखाले प्रारम्भिक जाँचवुझ गरी रित पुगेका निवेदकको सूची तयार गर्नु पर्नेछ।

(२) लाभग्राही छनोटको लागि आवश्यक परेमा आर्थिक समिति वा कार्यपालिकाको वैठक बाट लाभग्राही छनोट गरिनेछ।

**९.लागत अनुमान तयार गर्ने** (१) दफा (८) बमोजिम छनौट भएका योजनाको नगरपालिकाले स्थलगत निरीक्षण गरी लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) दफा (१) बमोजिम लागत अनुमान तयार गर्दा कार्यक्रम संचालनका लागि विनियोजन भएको बजेटको पाँच प्रतिशत नबढ्ने गरी कार्यक्रममा खर्च हुने इन्धन,मसलन्द,अनुगमन,प्राविधिक सेवा र मर्मत लगायतको कार्यका लागि खर्च गर्न सकिनेछ।

तर, पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्यक्रमका हकमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम गर्न सकिनेछ।

(३) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट वा नगरपालिकाले तोकेको दररेट वा नतोकिएकाको हकमा स्थान विशेषको चलनचल्तीको दररेटलाई आधार लिन सकिनेछ।

(४) समूह,सहकारी तथा व्यवसायिक कृषि फर्मसँग कार्यक्रम सञ्चालन गर्दा कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित खरिद कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

१०.सम्झौता गर्नु पर्ने: (१) दफा (८) बमोजिम छनौट भएका अनुदानग्राहीलाई आवश्यक कागजातसहित सम्झौता गर्न नगरपालिकाले न्यूनतम सात दिनको अवधि तोक्नु पर्नेछ।

(२) तोकिए बमोजिमको अवधिभित्र सम्झौता गर्न आएका अनुदानग्राहीसँग नगरपालिकाले अनुसूची ८ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम व्यवसायको प्रकृतिको आधारमा कम्तीमा पाँच वर्षसम्म व्यवसायको निरन्तरता रहने गरी नगरपालिकाले अनुदादानग्राहीसँग सम्झौता गर्नु पर्नेछ। तर विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, स्थानीय तहको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात अनुदानग्राहीले एक महिनाभित्र अनुदान प्रदायक निकायमा पेस गरेमा समितिको निर्णय बमोजिम हुनेछ।

११.कार्यक्रमको प्राविधिक मुल्याङ्कन, जाँचपास र फरफारक: (१) दफा १० को उपदफा (२) बमोजिम सम्झौता अनुरुप कार्यसम्पन्न भएपछि अनुदानग्राहीले नगरपालिका समक्ष भुक्तानीका लागि निवेदन र सक्कल बिल भौचर लगायत आवश्यक कागजात र विवरण पेश गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि नगरपालिकाको सम्बन्धित विषयका प्राविधिकले वडा कार्यालयको समन्वयमा स्थलगत अनुगमन गरी अनुसूची-९ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा नगरपालिकाले अनुदानग्राहीको बैंक खाता मार्फत वा अनुदानग्राहीको माग अनुसार सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

## परिच्छेद-५

## कृषि विकास कार्यक्रमको संचालनको प्रादिधिक तथा आर्थिक पक्ष

### १२. मौसमी तथा बेमौसमी तरकारी खेति प्रवर्धन:

परिचय: कुनै स्थान विशेषमा सफलता पाएको कुनै उन्नत वा स्थानीय जातको बीउलाई सोही स्थानको हावापानी सँगमिल्ने नारायण नगरपालिका भित्र उन्नत बीउ/प्लाष्टिक घर/मिनिकिट/कृषि सामग्री वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य:

१. नारायण नगरपालिका भरि लोकप्रिय भएको बीउ त्यस स्थानको आसपासका कृषकहरुलाई जानकारी दिन यो बीउ प्रसारण गर्नु ।
२. तरकारी उत्पादन वृद्धि गर्नु ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

कार्यविधि :

१. कृषक / कृषक समुह / सहकारीको माग बमोजिम तरकारी बीउ खरिद गरि वितरणका कार्य कृषि विकास शाखाका प्राविधिक मार्फत संचालन गर्नुपर्ने छ ।

२. विउको जात , बीउ लगाउने समय, मल हाल्ने समय, सिंचाई गर्ने र कटानी गर्ने समय , अनुमानित उत्पादन, बीउ उपलब्ध हुने क्षेत्रहरु आदि विवरण भएको कागजातबाट सो बारे कृषक लाई जानकारी गराउनु पर्छ ।

३. कृषकको नाम, ठेगाना, बीउ लगाएको समय, प्रयोग भएको मलखादको मात्रा, समय, प्रयोग गरिएका प्रबिधिहरु र बीउ प्रती कृषकको धारणा जस्ता विवरणहरु रेकर्ड गर्नु पर्छ।

४. कृषकले मन पराएमा सोही अनुसार क्षेत्र विस्तार गर्न सकिनेछ ।

५. स्थानिय हावापानि अनुसार सिफारिस जातका बिउ बितरण गर्नुपर्नेछ ।

आर्थिक पक्ष :

१. नारायण नगरपालिका भरि स्थानीय हावापानी अनुसार निशुल्क तरकारी बीउ वितरण गरिनेछ ।

२. मिनिकिट अन्तर्गत बीउ खरिद र प्याकीङ्ग आदिको लागि प्रति किट रु ३०० सम्म खर्च गर्न सकिने छ ।

३. व्यवसायिक तरकारी खेति गरिरहेका कृषकहरुलाई ५० प्रतिशत र लक्षित बर्गका (गरिब, विपन्न, एकल महिला, दलित) कृषकहरुलाइ ७५ प्रतिशतसम्म अनुदानमा माग अनुसार कृषि सामग्री गराउन सकिनेछ ।

<u>१३.कृषि फर्म तथा समुहका सदस्यहरुको क्षमता विकास कार्यक्रम</u>

कृषि फर्म तथा समुहका सदस्यहरुको क्षमता विकासका लागि स्थलगत घुम्ती तालिम, नगरपालिका स्तरीय तालिम तथा नगरपालिका स्तरीय गोष्ठी संचालन गर्न सकिनेछ ।

**(१) स्थलगत घुम्ती तालिम संचालनः**

परिचयः नारायण नगरपालिकाका कृषक तथा कृषक समुहहरुलाई छोटो समय अवधिको कृषक स्तरीय तालिम सञ्चालन गर्ने कार्य जरुरी भएको र पकेट क्षेत्रका कृषकहरुको समस्या थलोमा समाधान गर्ने र समय सापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुर्याउन यस तालिमको अहम भूमिका रहेकोले यस किसिमको तालिम पकेट क्षेत्र, कृषक, कृषक समुह तथा साना सहकारीका कृषकहरु माझ सञ्चालन गर्न आवश्यक महसुस भएको छ ।

उद्देश्य :

१. बालि, बागवानी, मौरी, च्याउ लगायत अन्य महत्वपुर्ण प्रविधिको समय सापेक्ष रुपमा प्रसार एवम् हस्तान्तरण गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश

२. सम्वन्धित बालिको पकेट क्षेत्र एवम् कृषक समुहहरुलाई आईपरेका समस्या हरुको स्थलगत रुपमै समाधान गर्ने ।

३. कृषकहरूलाई प्रविधि अनुसरण गर्न उत्प्रेरित गर्ने र जागरुप कृषक लाई प्राविधिक ज्ञान दिलाउने ।

कार्यविधि :

१. घुम्ती स्थलगत तालिम १ देखि २ दिन सम्म हुन सक्नेछ ।

२. घुम्ती स्थलगत तालिममा न्युनतम १५ र बढिमा ३५ जना सहभागी मध्ये ५० प्रतिशत महिला हुनु पर्नेछ ।

३. घुम्ती स्थलगत तालिममा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता र होटल बास खर्च पाउने छैनन् ।

४. घुम्ती स्थलगत तालिमा १ दिनमा ४ वटा भन्दा बढि कक्षा राखिने छैन ।

५. तालिम संचालन गर्दा सकेसम्म कृषि विकास शाखा र नगरपालिका अन्तर्गत सम्वन्धित बालीको पकेट र कृषक समुहमा नै संचालन गरि प्रा.स.,ना.प्रा.स. वा अधिकृतले संचालन गर्नेछन ।

आथिक पक्ष

१. अवधि १ देखि २ दिन

२. प्रशिक्षक पारीश्रमिक(कार्यपत्र /प्रर्बचन) बढीमा रु. प्रति कक्षा १००० (सहायक स्तर), रु. १५००. (अधिकृत स्तर)।

३. तालिम सामाग्री(मसलन्द)रु. प्रति व्यक्ति २००।

४. खाजाखर्च (सहभागी,संयोजक,श्रोत व्यक्ति,सहयोगी कर्मचारी एवम् प्रशिक्षक समेत) प्रति व्यक्ति रू ३००।

५. प्रतिवेदन तयार गर्न रु. १०००।

६. तालिम व्यावस्थापन खर्च/व्यानर एकमुष्ट रु. ३००० सम्म खर्च गर्न सकिनेछ।

७. तालिम स्थल भन्दा टाढाको दुरीका सहभागीलाई जिल्ला दर रेट अनुसार यातायात खर्च दिन सकिनेछ ।

(२) नगरपालिका स्तरिय तालिम संचालन

परिचयः कृषिका विभिन्न विषय विशेष तालिमहरु गाउँ स्तरमा १ देखि ५ दिन सम्म संचालन गर्न सकिनेछ । यस तालिममा १५ देखि ३५ जना सम्म कृषक सहभागी हुनेछन् ।

उद्देश्य

कृषकहरूको विषय विशेष ज्ञान सीप अभिवृद्धि गर्नु ।

कार्यविधि

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

१. तलिममा सहभागी छनोट गर्दा समुहमा योगदान पुर्याएको, आफुले सिकेका कुरा व्यवहारमा लागु गरी अरुलाई सिकाउन अग्रसर रहने कृषक हुनु पर्दछ । तालिममा महिला कृषकलाई प्राथमिकता दिनु पर्नेछ । सहभागी छनौट गर्दा वडा कार्यालय, प्राविधिकको सिफारिसमा छनौट गर्नु पर्नेछ।

२. तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरुसँग मिलि तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नअनुसारको कार्य गर्नु पर्नेछ ।

- ❖ सहभागी हुने कृषकलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
- ❖ शैक्षिक सामाग्रीहरु(श्रव्य-दृश्य)को व्यवस्था मिलाउने ।
- ❖ तालिम कार्यक्रमहरुमा फिल्ड भ्रमण ,फिल्ड तालिम ,फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरु सँग पुर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

आर्थिक पक्ष

१. समय अवधिदिन १ देखि ५
२. प्रशिक्षक पारीश्रमिक (कार्यपत्र /प्रर्बचन) बढीमा रु. प्रति कक्षा १००० (सहायक स्तर), रु. १५०० (अधिकृत स्तर)।
३. चियापान तथा खाजा रु.प्रति व्यक्ति ३००।
४. तालिम सामाग्री रु.प्रति व्यक्ति २००।
५. सहभागी भत्ता रु.प्रति व्यक्ति प्रति दिन ५०० देखि ७०० सम्म।
६. सहभागी यातायात खर्च रु.प्रति व्यक्ति प्रति दिन दुरी अनुसार।
७. तालिम सुविधा (हलभाडा तिर्नु पर्ने भएमा) प्रचलित बजार दररेट अनुसार।
८. तालिम व्यवस्थापन तथा विविध (प्रमाण पत्र, पानि,सरसफाई, ईत्याधिको लागी) रु ३०००।
९. प्रतिवेदन तयार तथा प्रस्तुत खर्च रु १५००।
१०. व्यानर छपाई रु १०००।
११. खाना खर्च रु ४०० प्रति व्यक्ति प्रति दिन

(३)नगरपालिका स्तरीय गोष्ठी

परिचय: आवश्यकता अनुसार सरोकारवालाहरुलाई नगरपालिकामा भेला गराई कुनै खास बाली विशेष अथवा समस्या विशेष विषयलाई लिएर छलफल गरि समाधान खोज्न गरिने अन्तरक्रिया नै नगरपालिका स्तरीय गोष्ठी हो । औपचारिक एवम् अनौपचारिक दुवै किसिमको छलफलको लागि यस्ता गोष्ठीहरु संचालन गरिन्छ ।

उद्देश्य:

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश,नेपाल

फिल्ड स्तरमा कृषि प्रसार कार्यकर्ताहरुले आफ्नो फिल्डको कार्यक्रमलाई कृषक समक्ष लैजानको लागि योजना तजुर्मा गर्न तथा समस्या समाधान गर्न सघाउ पुर्याउने।

कार्यविधि:

१. सर्वप्रथम के विषयमा कस्ता सहभागीहरु समावेस गरी छलफल गर्ने हो अग्रिम रुपमा निर्धारण गरिनुपर्छ ।

२. सबैलाई अग्रिम सुचना दिनुपर्छ । नगरपालिका बाट सरोकारवाला र आवश्यक व्यक्तिहरूलाई आमन्त्रण गर्नुपर्दछ ।

३. २० देखि ४० जना सहभागी गराई छलफलमा अभिप्रेरित गर्दै सबैको सहभागिता जुटाउनु पर्छ ।

४. अन्तिममा केही निष्कर्ष निकाली सोही अनुसार अगामी कार्यक्रम तय गर्नुपर्छ ।

आर्थिक पक्ष:

| | | |
|---|---|---|
| १. | अवधि | १ दिन |
| २. | सहभागी | २० देखि४० जना |
| ३. | चियापान | रु.३०० सम्म प्रति व्यक्ति |
| ४. | खाना खर्च | रु ४०० सम्म प्रति व्यक्ति |
| ५. | शैक्षिक सामाग्री | रु.१५० प्रति व्यक्ति |
| ६. | प्रशिक्षक पारिश्रमिक (कार्यपत्र सहित) बढीमा | रु.१५०० प्रति कक्षा |
| ७. | सहभागीलाई भत्ता | रु. १००० प्रति व्यक्ति प्रतिदिन |
| ८. | व्यवस्थापन विविध | रु. अधिकतम ५०००। |

## १४. आकस्मिक बाली संरक्षण कार्यक्रम

परिचय: बालिनालिमा देखीने विभिन्न समस्याहरु जैस्तै रोग, किरा, सुक्ष्म तत्वको कमि,झारपात, चरा मुसा, सुलसुले नियन्त्रण गर्न यो कार्यक्रम संचालन गरिनेछ ।

उद्देश्य: विभिन्न बाली नालीमा देखापरेका रोग किराको समस्यालाई समाधान गर्न ।

कार्यविधि:

१. गाउँमा रोग, किराको प्रकोप देखिनासाथ कार्यालयबाट जैविक तथा रसायनिक विषादीमा सहयोग गर्नु पर्नेछ ।

२. बालीनालीमा के कस्ता समस्या देखिएका छन् निदान गरि कें कति विषादी आवश्यक परेको छ सोही अनुसार माग गरी समस्या देखिएको ठाउँमा आवश्यक सल्लाह सुझाव दिई

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

आवश्यक परेको खण्डमा जैविक तथा रसायनिक विषादी, विभिन्न पोषण तत्व भरपाई गरी वितरण गर्नु पर्ने छ ।

३. माहामारी रोग किराको धेरै प्रकोप भएको क्षेत्रमा १ दिने बाली उपचार शिविर संचालन गरी रोग किरा पहिचान तथा नियन्त्रण गर्न सकिनेछ ।

आर्थिक पक्ष:

१. बजेट अनुसार समस्याको समाधान गर्न विषादी तथा अन्य खरिद गरि वितरण गर्न सकिने छ।

२. बालि उपचार शिविर संचालन गर्दा एउटा शिविरको लागि आवश्यक जैविक तथा रसायनिक बिषादी पोषण तत्व खरिद, खाजा नास्ता, व्यानर, भत्ता तथा व्यवस्थापन कार्यमा रकम खर्च गर्न सकिनेछ ।

१५. बाली उपचार शिविर कार्यक्रम

परिचयः बालिनालिमा देखीने विभिन्न समस्याहरु जैस्तै रोग, किरा, नियन्त्रण गर्न यो कार्यक्रम संचालन गरिनेछ । माहामारी रोग किराको धेरै प्रकोप भएको क्षेत्रमा १ दिने बाली उपचार शिविर संचालन गरी रोग किरा पहिचान तथा नियन्त्रण गरिनेछ ।

उद्देश्यः विभिन्न बाली नालीमा देखापरेका रोग किराको समस्यालाई समाधान गर्न ।

कार्यविधि:

१. गाउँमा रोग, किराको प्रकोप देखिनासाथ कार्यालयबाट जैविक तथा रसायनिक विषादीमा र प्राविधिक सहयोग गर्नु पर्नेछ ।

२. संघिय तथा प्रादेशिक बाली उपचार शिविर सम्बन्धि कार्यविधि अनुसार कार्यक्रम संचालन गर्नु पर्ने छ ।

आर्थिक पक्ष:

१. संघीय र प्रादेशिक कार्यविधि अनुसार रकम खर्च गर्नुपर्ने छ।

१६. मौसमी तथा बेमौसमी प्याज उत्पादन कार्यक्रम:

परिचयः कुनै स्थान विशेषमा कुनै उन्नत वा स्थानीय जातको प्याज बीउलाई सोही स्थानको हावापानी सँगमिल्ने नारायण नगरपालिका भित्र उन्नत बीउ/कृषि सामग्री वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य:

२.नारयण नगरपालिका भरि सम्भावित क्षेत्रहरुमा प्याज बीउ प्रसारण गर्नु ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

३. प्याज उत्पादन बृद्धि गर्नु ।

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

कार्यविधि :

१.कृषक / कृषक समुह / सहकारीको माग बमोजिम प्याज बिउ तथा अन्य कृषि सामग्री सम्झौता बमोजिम उपलब्ध गर्नुपर्ने छ ।

२.बिउको जात , बीउ लगाउने समय, मल हाल्ने समय, सिंचाई गर्ने र कटानी गर्ने समय , अनुमानित उत्पादन, बीउ उपलब्ध हुने क्षेत्रहरु आदि विवरण भएको कागजातवाट सो बारे कृषक लाई जानकारी गराउनु पर्छ ।

३. मन पराएमा सोही अनुसार क्षेत्र विस्तार गर्न सकिनेछ ।

आर्थिक पक्ष :

४. व्यवसायिक प्याज खेति गरिरहेका कृषकहरुलाई ५० प्रतिशत र लक्षित वर्गका (गरिव, विपन्न, एकल महिला, दलित) कृषकहरुलाइ ७५ प्रतिशतसम्म अनुदानमा माग अनुसार बिउ, कृषि सामग्री गराउन सकिनेछ ।

१७. तरकारी तथा फलफुल नर्सरी सुधार कार्यक्रम

परिचयः नारायण नगरपालिकाको कृषि उत्पादन प्रणालीमा आत्मनिर्भरता, स्थानीय बीउ/विजनको उत्पादन, गुणस्तरीय रोपाइँ सामग्रीको सुनिश्चितता तथा कृषकको लागत घटाउने उद्देश्यले तरकारी तथा फलफुल नर्सरी सुधार कार्यक्रम सञ्चालन गर्न यो कार्यविधि तयार गरिएको हो।

उद्देश्यः

१. स्थानीय स्तरमा गुणस्तरीय तरकारी र फलफुल नर्सरी विकास र विस्तार गर्नु।
२. बीउ—विजन आयातमा निर्भरता घटाई स्थानीय आत्मनिर्भरता बढाउनु।
३. नर्सरी संचालक, समूह तथा सहकारीहरूको क्षमता अभिवृद्धि गर्नु।
४. रोग—किरामुक्त, गुणस्तरीय बीउ बेर्ना उत्पादनका लागि पूर्वाधार सुधार गर्नु।

लक्षित समुहः

१. बिगतमा पालिकाले कृषि फर्ममा स्थापना गरेका नर्सरीहरु।
२. दर्ता भई सूचिकृत तरकारी वा फलफुल नर्सरी संचालकहरू।
३. कृषि समूह, सहकारी वा उद्यमी जो नर्सरी संचालन गरिरहेका छन् वा गर्न इच्छुक छन्।

कार्यविधिः

१. पालिकामा रहेका कृषि फर्म यस कार्यक्रममा लाभग्राही हुनेछन्।
२. कृषि फर्महरुको प्रस्ताव अनुसार लाभग्राही छनोट गरिनेछ ।
३. लाभग्राही छनोट गर्दा विद्यमान कृषि उत्पादन प्रणालीलाई प्रवर्द्धन गरी अझ आधुनिक र नविनतम बनाउन सकिने दायरालाई प्रथामिकतामा राख्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

४. छनोट भएका लाभग्राही कृषि फर्महरुमा माटो परिक्षण, जैविक मल र रोग व्यवस्थापन प्रविधिको, नर्सरी संरचना सुधार (प्लास्टिक टनेल, बेड तयारी, सिँचाइ प्रणाली सुधार आदि), उपकरण र सामाग्री (सिड–ट्रे, स्प्रेयर, छाँनो प्लास्टिक, झोल मल टयाङ्की आदि) प्रदान तथा नयाँ नर्सरी स्थापना वा सुधारको लागि प्रोत्साहन सहयोग गर्न सकिनेछ ।

आर्थिक पक्ष

क. साधारण प्लाष्टिक नर्सरी घरः

साधारण प्लाष्टिक नर्सरी घर निर्माणको लागि आवश्यक पर्ने प्लाष्टिक टनेल, किट अवरोधक जाली(Insect net), प्लाष्टिक ट्रे, हजारी,zig zag profile छनोट भएका किसानलाई निःशुल्क प्रदान गरिनेछ। टनेल निर्माणको लागि आवश्यक पर्ने बाँस, बीउविजन तथा श्रमदानमा कृषकको योगदान रहनेछ। प्लाष्टिक नर्सरी घर निर्माणको लागि आवश्यक पर्ने ज्ञान, सीपको लागि कषि शाखामा कार्यरत कर्मचारी बाट सहजीकरण गरिनेछ।

ख. आधुनिक सुविधायुक्त पक्की नर्सरी घरः

आधुनिक सुविधायुक्त पक्की नर्सरी घर निर्माणको लागि नगरपालिकाको ६० प्रतिशत योगदान र कृषकको श्रमदान सहित ४० प्रतिशत योगदान रहनेछ।

<u>१८.विभिन्न फलफूल तथा मसला बालीमा विरुवा वितरण</u>

परिचयः फलफूल खेतिलाई टेवा पुर्याउन फलफूलको विरुवाहरु स्थानिय कृषकहरुलाई आँप,सुन्तला,कागती, अलैंची, अनार, ओखर, केरा, टिमुर आदि उपलब्ध गराई सहज रुपमा फलफूल उपलब्ध गराउन यो कार्यक्रम संचालन गरिने छ ।

उद्देश्यः

१.फलफूल तथा मसला बालीको खेति गर्न इच्छुक कृषकहरुलाई आवश्यक विरुवा उपलब्ध गराउने ।

२. फलफूल तथा मसला बालीको बगैंचा स्थापनामा टेवा पुर्‍याउने ।

कार्यविधिः

फलफूल खेति गर्न इच्छुक कृषक समूह तथा सहकारीबाट बोट विरुवाको माग संकलन गरि सम्भाव्यताको आधारमा कृषि विकास शाखा सँग समन्वय गरि विरुवा माग गर्ने र कृषकलाई वितरण गर्ने ।

आर्थिक पक्षः

१.फलफुल विरुवामा शत प्रतिशत अनुदान र फलफुल रोपण, मल, सिचाइ र गोडमेल मा कृषकको लागत साझेदारी रहनेछ ।

२. विरुवा प्याकिङ चार्ज र ढुवानीमा शत प्रतिशत अनुदान दिन सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

## १९. प्लाष्टिक टनेल वितरण:

परिचयः बोटविरुवाको सामान्य वृद्धि प्रक्रियाको लागि चाहिने आवश्यक वातावरणलाई प्रतिकुल मौसममा पनि प्लाष्टिक घरको सहयोगमा सो अनुकुलको बनाई बोटविरुवाको विकास र उत्पादनमा वृद्धि गर्ने एक प्रविधि हो ।

उद्देश्यः

प्लाष्टिक घरमा बेमौसममा पनि मौसमी तरकारी जस्तै गुणस्तरको तरकारी उत्पादन गरि मौसमी तरकारीले भन्दा बढी उत्पादन आम्दानी लिन ।

लक्षित वर्गः

१. तरकारी खेतीमा संलग्न कृषक समूह ।

२. तरकारी खेतीमा सहकारीकरण भएका कृषक सहकारीहरु ।

३.व्यवसायिक रुपमा तरकारी खेतीमा संलग्न प्रगतिशील कृषकहरु ।

कार्यविधिः

व्यवसायिक कृषक समूह तथा सहकारीको मागको आधारमा प्राविधिकले स्थलगत निरीक्षण गरि सम्भाव्य देखिएको ठाउँमा ७५ प्रतिशत सम्म अनुदानमा वितरण गर्ने ।

आर्थिक पक्षः

सम्भाव्यताको आधारमा प्रति कृषक ५ वटा टनेल नपर्ने गरि ७५ प्रतिशत सम्म अनुदानमा वितरण गर्ने र समूहमा मागको आधारमा पनि उपलब्ध गराउन सकिन्छ ।

## २०. एक घर एक करेसाबारी कार्यक्रमः

परिचयः यस कार्यक्रमवाट तरकारी बीउबिजन किट बितरण गरी नागरिकको घरमा करेसावारी निर्माणमा सहयोग गरिनेछ।

उद्देश्यः

कृषकको घरमा करेसावारी निर्माणमा सहयोग पुर्याउनु।

कार्यविधिः

नारायणमा वस्ने कृषक परिवारलाई अधिकतम रु ३०० सम्मको तरकारी बीउबिजन किट भरपाई गरी निःशुल्क वितरण गरिनेछ। करेसावारी निर्माण सम्बन्धी नगरपालिकाको कृषि विकास शाखाको कर्मचारी र प्राविधिकले तालिम संचालन गर्नेछन्। तालिम दिने कर्मचारीलाई एक कक्षा वापत रु. १००० को पारिश्रमिक दिन सकिनेछ।

## २१. अन्तर नगरपालिका/अन्तर जिल्ला उत्कृष्ट कृषक अध्ययन अवलोकन भ्रमणः

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

परिचयः कृषकहरुलाई अन्य नगरपालिका/ जिल्लाको उत्पादन स्थल वा फर्महरुमा भ्रमण गराउँदै त्यहाँका व्यवसायिक बाली उत्पादन कार्यक्रमसँग प्रत्यक्ष अवलोकन गराइ कृषि प्रविधिबारे नविनतम प्रविधिबाट प्रभावित गराई उक्त प्रविधि अवलम्वन गर्न सघाउ पुर्याउनु यस कार्यक्रमको उद्देश्य हुनेछ।

कार्यविधिः

- भ्रमणको लागि केही पढेका,सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गरिनेछ।
- भ्रमण कार्यक्रम(अवलोकर्न स्थल,बस्ने स्थान आदि) अग्रिम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्वनधित व्यक्तिहरु तय गरी भ्रमण कार्यक्रम आरम्भ गरिनेछ।
- भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले बताउने व्यवस्था मिलाइनेछ।
- भ्रमणलाई लाभप्रद तुल्याइ अन्तयमा समिक्षा गरिनेछ।
- भ्रमणको सुरु गर्न तोकिएको स्थानमा भेला हुन र फर्कन बाटोको म्याद वाहेक कृषक भ्रमणको अवधि ३ देखिं ५ दिनको हुनेछ।
- यस कार्यक्रममा विभिन्न वडाबाट वडा अध्यक्षको सिफारिसका आधारमा अगुवा कृषक समावेश गरिनेछ। साथै जनप्रतिनिधि सहित नगरपालिकाको प्रतिनिधित्व गर्ने कर्मचारी टिम उक्त कार्यक्रममा सहभागी हुनेछन्।
- भ्रमणमा कुल सहभागी संख्या २५ देखि ३० जना सम्म हुन सक्नेछ।

कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्मसः

| क्र.स. | नर्मसको विवरण | ईकाइ | दर |
|---|---|---|---|
| १ | गाडी रिजर्भ भाडा तथा व्यवस्थापन | | स्वीकृत दर अनुसार |
| २ | स्थलगत अवलोकन वापत प्रस्तुतकर्ताको पारिश्रमिक | रु. प्रति अवलोकन स्थल | १०००।- |
| ३ | सहभागी दैनिक भ्रमण तथा आवास खर्च | रु. प्रति सहभागी प्रति दिन | १०००।- |
| ४ | मसलन्द(शैक्षिक सामाग्री) | रु. प्रति सहभागी | १५०।- |
| ५ | प्रतिवेदकको पारिश्रमिक | रु. प्रति कार्यक्रम | २५००।- |

## २२. कृषि तथा माटो ल्याब संग सम्बन्धित प्राविधिक उंपकरण खरिद

परिचयः माटोको अवस्थाको परिक्षण गर्न माटोमा दखिएको समस्या समाधानको लागि सहयोग पुर्याउनको लागि यो कार्यक्रम संचालन गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

उद्देश्यः

माटोको अवस्थाको परिक्षण गर्न माटोमा दखिएको समस्याको पहिचान गर्नु।

लक्षित वर्गः

नारायण नगरपालिकाका सबै वडाका कृषकहरु।

कार्यविधिः

खरिद नियमावली बमोजिम कार्य संचालन गरिने।

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश

## २३.नतिजा तथा उत्पादन प्रदर्शन कार्यक्रम संचालनः

परिचयः नारायण नगरपालिकाको कृषि जैविक विविधता संरक्षण, प्रवर्द्धन, नयाँ जात र तरिका बारे जानकारी दिन तथा कृषकद्वारा गरिएका तरिका बारे जानकारी दिन यो कार्यविधि तयार गरिएको हो। यस कार्यक्रममार्फत स्थानीय मौलिक जात, नयाँ जात , बाली, बीउ तथा विविध कृषि उपजहरूको प्रदर्शन, प्रतिस्पर्धा र प्रोत्साहनको माध्यमबाट कृषकलाई उत्साहित गर्दै दिगो कृषि विकासमा योगदान पुऱ्याउने लक्ष्य राखिएको छ।

उद्देश्यः समुदाय स्तरमा नयाँ जात र तरिका बारे प्रदर्शनमार्फत जानकारी दिनु।

लक्षित समूहः स्थानीय कृषक, कृषि समूह तथा सहकारी संस्था,।

कार्यविधिः

१. पालिकामा रहेका कृषि समूह, कृषि फर्म तथा सहकारी संस्था यस कार्यक्रममा सहभागी र लाभग्राही बन्न सक्नेछन्।
२. कृषि समूह/कृषि फर्म/सहकारी संस्थाको प्रस्ताव तथा प्रदर्शनीमा प्रस्तुत गर्न चाहेको कृषि उपज को आधारमा लाभग्राही छनोट गरिनेछ।
३. छनोट भएका कृषक/समूह/संस्थालाई प्रदर्शनी सञ्चालनका लागि कृषि सामग्री, प्रदर्शन सामग्री, सूचीकरण/नम्बरिङ, प्राविधिक सहयोग तथा आवश्यक कृषि सामग्री उपलब्ध गराइनेछ।
४. कार्यक्रम संचालनका लागि पहाडमा कम्तिमा १.५ रोपनी र तराइमा ३ कट्टा जमिन हुनुपर्नेछ ।

आर्थिक पक्षः

१. कार्यक्रम नगरपालिकाको स्वीकृत बजेटबाट सञ्चालन हुनेछ।
२. प्रदर्शन कार्यक्रमका लागि शत प्रतिशत बजेट कार्यालय ले उपलब्ध गराउनेछ अन्य संघिय कार्यविधि अनुसार बजेट खर्च गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

## २४. क्रप कटिङ

परिचयः विभिन्न बालीको उत्पादन सम्वन्धी आकडा संकलन गर्ने विधि अपनाई गरिने बालीकटानीलाई क्रप कटिङ भनिन्छ। मुख्यतया यो कार्यक्रम बाली उत्पादन र उत्पादकत्व अनुमान गर्न संचलान गरिन्छ। यसैका आधारमा राष्ट्रिय स्तरमा एक वर्षको बालीनालीको उत्पादन दरमा ह्रस आयो वा वृद्धि भयो भन्ने तथ्याङ्क तयार हुन्छ तर्सथ यो महत्वपुर्ण छ।

उदेश्यः कुन कुन बाली कति उत्पादन भयो भन्ने उत्पादनस्तर निर्धारण गर्न आँकडा लिनु।

कार्यविधिः क) प्रत्येक उत्पादन प्रतियोगिताको कित्तामा निर्श्रित वर्गाकारको नमुना क्षेत्रफलबाट बाली कटानी लिनु पर्छ। प्रति नमुना २५ वर्ग फिटको क्षेत्रफल कायम गर्नु पर्छ र यस्ता ६ बटा random नमुना बाट रेकर्ड लिनु पर्छ । बालीकटानी गर्दा राम्रो, मध्यम र कम फलेको जग्गाको प्रतिनिधित्व हुनेगरी लिनुपर्दछ।

ख) सर्वप्रथम प्रत्येक बालीमा प्रत्येक वडा समेटिनु पर्नेछ।

आर्थिक पक्षः

क) क्रप कटिङ गरेको ज्याला क्षतिपुर्ति वापत रु. ५००।

ख) क्रप कटिङ गर्ने प्राविधिकलाई यातायात तथा सञ्चार खर्चवापत रु. १०००।

## २५.अनुदानमा कृषि सामाग्री वितरण कार्यक्रमः

परिचयः कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गरि कृषि ब्यवसायलाई यान्त्रिकरण गर्दै पालिकालाई आत्मनिर्भर वनाउन यो कार्यक्रम संचालन गरिनेछ।

उदेश्य

क) कृषि क्षेत्रमा यान्त्रिकरण गर्ने।

ख) उत्पादन वृद्धि गर्ने।

लक्षित वर्ग

क) कृषि क्षेत्रका संलग्न कृपक समुहका सदस्यहरु।

ख) कृषि खेतिमा सहकारीकरण भएमा कृषक सहकारी सदस्यहरु।

ग) ब्यवसायिक रुपमा खेतिमा संलग्न प्रगतिशिल कृषकहरु।

कार्यविधि

ब्यवसायिक कृषक,कृषक समुह तथा सहकारीको मागको आधारमा सेवा क्षेत्रका प्राविधिकले स्थलगत निरिक्षण गरी सम्भाव्य देखिएको ठाउँमा ५० देखी ७५ प्रतिशत सम्म अनुदानमा वितरण

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

गर्ने तर न्युन आयस्तर भएका गरिव,जेहेन्दार कृषक, लक्षित बर्गलाई निःशुल्क रुपमा पनि वितरण गर्न सकिनेछ ।

## २६. मौरी प्रवर्द्धन कार्यक्रम

उदेश्यः

क) दिगोरुपमा मौरीपालन कृषकहरु बृद्धि गर्दै ।समान्तकृत तथा गरिव कृषकहरुको आयआर्जनमा वृद्धि गर्ने ।

ख) सम्भाव्य क्षेत्रका घर घरमा मौरीपालन भै महको सेवनबाट स्वास्थ्यमा सुधार ल्याउने ।

लक्षित वर्ग

गरिव तथा सिमान्तकृत कृषक समुहहरु प्राथमिकतामा रही अन्य कृषक समुह, सहकारी, फर्म यस कार्यक्रमबाट लाभाम्वित हुनेछन् ।

कार्यविधि

क) कृषकको माग संकलन गर्ने ।

ख) मौरीचरनको लागि उपयुक्तभई सम्भावित कार्यक्षेत्रहरुको छनौटको लागि कृषक, कृषक समुह सहकारीको माग आधारमा स्थलगत निरिक्षण गरी कार्यक्रम संचालन गर्ने ।

ग) यस कार्यालय बाट वितरण गरिएका घार बिनाकाम खाली राखीएको खण्डमा नजिकको ईच्छुक र आवश्यकता भएको कृषकहरुलाई दिन सकिनेछ ।

आर्थिक पक्ष

